# बजेट वक्तव्य

## आर्थिक वर्ष २०८३/८४

## त्रिवेणी गाउँपालिका

## रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

## २०८३

# गाउँ सभाको २० औं अधिवेशनको बैठकमा
# गाउँपालिका उपाध्यक्ष श्री लेखमणी डाँगीद्वारा प्रस्तुत
# आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका

रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

२०८३

**गाउँ सभाका अध्यक्षज्यू,**

**गाउँ सभाका सदस्यज्यूहरु,**

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा जनताको सबैभन्दा नजिकको सरकारको तर्फबाट गाउँपालिकाबासीको सुशासन र समृद्धिको उत्कट प्रतिक्षालाई अधिकतम सम्बोधन गर्ने प्रयास स्वरुप तर्जुमा गरिएको गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम गरिमामय गाउँसभाको २० औँ अधिवेशनको बैठकमा प्रस्तुत गर्न पाउँदा गौरवान्वित छु । यस अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र तथा सामाजिक न्याय र जनताको अधिकार प्राप्तीका लागि भएका विभिन्न आन्दोलनमा शहादत प्राप्त गर्नुहुने ज्ञातअज्ञात शहिदहरु प्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । ती सबै आन्दोलनमा आ-आफ्नो स्थानबाट योगदान दिनुहुने सम्पूर्ण महानुभावहरुलाई सम्मान व्यक्त गर्दछु ।

स्थानीय माग र आवश्यकता अनुकुल बजेट तथा कार्यक्रम तर्जुमा गरी विकास, सम्वृद्धि र सुशासनको दीर्घकालिन लक्ष्य हाँसिल गर्न संविधानले स्थानीय सरकारलाई असाधारण जिम्मेवारी सुम्पिएको छ । गाउँपालिका उपाध्यक्षको रुपमा मैले उक्त जिम्मेवारीलाई केवल संवैधानिक औपचारिकताको रुपमा मात्र होइन, जनताको जीवरस्तर उन्नत बनाउने अद्वितीय अवसरका रुपमा ग्रहण गरेको छु । यस बजेट तथा कार्यक्रमले गाउँपालिकाको आधारभूत र रणनीतिक महत्वका पूर्वाधारलाई अझ सुदृढ पारी मानव विकास, आयआर्जन र सूचना प्रविधिको विस्तारलाई सघन रुपमा कार्यान्वयन गर्नेछ भन्ने विश्वास लिएको छु । स्थानीय उपलब्ध स्रोत साधनको प्रभावकारी उपयोग गर्दै गाउँपालिकालाई सम्वृद्धि सर सुशासनको मार्गमा अग्रसर गराउन हामी कटिबद्ध छौँ ।

सङ्घ तथा प्रदेश सरकारको सिमित अनुदान र स्थानीय राजस्वमा वृद्धि हुन नसकेका कारण सेवा प्रवाह, सुशासन र विकासको गतिमा प्रतिकुलता सिर्जना हुनुका साथै जनताको माग सम्बोधन गर्न कठिन भएको तितो अनुभव हामीसँग

छ भने अर्कोतर्फ उपलब्ध स्रोत साधनलाई स्थानीय आर्थिक तथा मानव विकासको क्षेत्रमा केन्द्रित गरी समृद्धिको आधार निर्माण र लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने पनि हाम्रो आफ्नै अनुभवले बताएको छ । यही अनुभवको जगमा उभिएर त्रिवेणी गाउँपालिकालाई आत्मनिर्भर, समाजवादोन्मुख र समृद्ध बनाउन तर्जुमा गरिएको नीति तथा कार्यक्रम, विद्वत समुदाय र जनस्तरबाट व्यक्त विचार तथा प्राप्त सुझावहरुलाई बजेट तर्जुमाको आधार बनाएको छु ।

**गाउँ सभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

अब म त्रिवेणी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट आम्दानी र खर्च प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्ष यस गाउँपालिकालाई सबै स्रोतबाट जम्मा रु. ५२ करोड ४४ लाख ३४ हजार आय प्राप्त हुने प्रक्षेपण गरेको छु । उक्त रकम देहायका विभिन्न शीर्षक तथा स्रोतबाट प्राप्त हुने जानकारी गराउन चाहन्छु-

### क. आन्तरिक आम्दानी तर्फः

आगामी आ.व. २०८३/०८४ मा अधिकार क्षेत्रभित्रका सबै शीर्षकबाट गाउँपालिकालाई रु. १ करोड ३० लाख आन्तरिक राजश्व प्राप्त हुने प्रक्षेपण गरेको छु । यसको लागि करका दायराहरुलाई फराकिलो बनाई आम्दानी बढाउने व्यवस्था गरेको छु ।

### ख. वित्तीय समानीकरण अनुदान तर्फः

वित्तीय समानीकरण अनुदानवापत सङ्घीय सरकारबाट रु. १० करोड ३० लाख र प्रदेश सरकारबाट रु. ६७ लाख ७३ हजारको सिलिङ प्राप्त भएको छ । उक्त रकमबाट आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत क्षमता विकास क्षेत्र अन्तर्गतका दिगो विकासको लक्ष्य कार्यान्वयन सम्बन्धी कार्यक्रमहरु, गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमहरु र टोलबस्ती स्तरबाट सङ्कलन गरी वडा समिति तथा विषयगत समितिहरुबाट पेश गरिएका प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरु सञ्चालन हुनेछन् ।

## ग. सशर्त अनुदान तर्फः

सङ्घीय सरकारबाट सशर्त अनुदान तर्फ रु. २३ करोड ८० लाख प्राप्त भएको छ । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारमूलक कार्यक्रम, बहुक्षेत्रीय पोषण, लघु उद्यम, कृषि तथा पशु विकास लगायतका लागि तोकिएका उप-क्षेत्रगत कार्यक्रमहरु सञ्चालन हुनेछन् । साथै प्रदेश सशर्त अनुदान तर्फ रु. ७० लाखको सिलिङ प्राप्त भएको छ । उक्त बजेटबाट बालविवाह न्यूनीकरणका लागि गाउँपालिकाव्यापी कार्यक्रम तथा सहितमार्ग गरगरेदेखि माथिल्लो तितिम हुँदै नाङ्गा जोड्ने मोटरबाटो, नेर्पा दहखोला खानीखोला झिनुवा घर्तीगाउँ मोटरबाटो स्तरोन्नती लगायत तोकिएका अन्य आयोजनाहरु सञ्चालन हुनेछन् ।

## घ. समपूरक अनुदान तर्फः

सङ्घीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ रु. १ करोड २८ लाखको सिलिङ प्राप्त भएको छ । जसबाट गाउँपालिकाको गौरवको आयोजना (क्रममागत) को रुपमा स्वीकृत भएको जुगार निगालपानी सडकको कालोपत्रे विस्तार हुनेछ भने त्रिवेणी ह्याङ करेटी सडकको स्तरोन्नती तथा कालोपत्रेको कार्यसमेत आरम्भ हुनेछ । साथै उल्लिखित आयोजनाहरुमा गाउँपालिकाबाट कुल बजेटको थप ३० प्रतिशत रकम म्याचिङ गर्नु पर्नेछ ।

त्यसैगरी प्रदेश समपूरक अनुदान तर्फ रु. ७५ लाख रकमको सिलिङ प्राप्त भएको छ । जसबाट गाउँपालिकाको गौरवको आयोजना (क्रमागत) को रुपमा स्वीकृत भएको जगरबोट झिनुवाँ घर्तीगाउँ सडकको कालोपत्रे विस्तार गरिनेछ । साथै उक्त आयोजनामा गाउँपालिकाबाट कुल बजेटको थप ४० प्रतिशत रकम म्याचिङ गर्नु पर्नेछ ।

## ङ. विशेष अनुदान तर्फः

सङ्घीय सरकारबाट विशेष अनुदान वापत रु. १ करोड ८० लाखको सिलिङ प्राप्त भएको छ । जसबाट गाउँपालिकाका सातवटै वडामा द्वन्द्व पिडित तथा विपन्न व्यक्तिहरुको लागि डिजिटल साक्षरता तथा आयआर्जन कार्यक्रम सञ्चालन हुनेछ ।

त्यसैगरी प्रदेश सरकारबाट विशेष अनुदान वापत रु. २२ लाख रकमको सिलिङ प्राप्त भएको छ । जसबाट धारमखोला मजुवा पक्की सिंचाई कुलो निर्माण योजना सञ्चालन गरिनेछ ।

### च. गैरसरकारी संघसंस्था तर्फः

इसिमोडको आर्थिक सहयोगमा विकास सरोकार समाजद्वारा यस गाउँपालिकामा सञ्चालित प्रोयाक्ट परियोजनामा रु. २ करोड बजेट प्राप्त हुने प्रक्षेपण गरेको छु । त्यसैगरी सङ्घीय सरकार, प्रदेश सरकार, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष तथा यस गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन हुने उच्च मुल्य कृषि वस्तु उत्थानशील कार्यक्रममा रु. ५० लाख बजेट प्राप्त हुने प्रक्षेपण गरेको छु ।

### छ. बैङ्क मौज्दात तर्फः

चालु आर्थिक वर्ष २०८२/०८३ मा चालु तथा पुँजीगत तर्फका विभिन्न शीर्षकमा खर्च हुन नसकी गाउँपालिकाको सञ्चित कोषमा मौज्दात रहने रकम गाउँपालिकाको भुक्तानी तथा खाता बन्द भएपश्चात एकिन गरी गाउँ सभाको यस २० औँ अधिवेशनको अन्तिम बैठकमा पेश गरिने जानकारी गराउँदछु ।

यसरी प्रक्षेपण गरिएको उल्लिखित आम्दानीमध्ये वित्तीय समानीकरण, राजश्व बाँडफाँड र आन्तरिक आम्दानीबाट प्राप्त हुने रकमलाई कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च, विषय क्षेत्रगत र वडास्तरीय विकास कार्यक्रमतर्फ विनियोजन गर्न जम्मा रु. २३ करोड ८९ लाख ३४ हजार छुट्याएको छु ।

### गाउँ सभाका अध्यक्षज्यू, गाउँ सभाका सदस्यज्यूहरु,

गाउँपालिकाले विनियोजन गर्न मिल्ने उल्लिखित बजेटले निम्न बमोजिमका मूलभूत विषयहरुलाई समेटेको व्यहोरा यस गरिमामय सभा समक्ष सादर अनुरोध गर्न चाहन्छु-

**क. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फः**

आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि गाउँ कार्यपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा मातहतका अन्य निकायमा चालु शीर्षक अन्तर्गत तलब भत्ता, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ जम्मा रु. ११ करोड २८ लाख ३४ हजार बजेट विनियोजन गरेको छु । जसअन्तर्गत विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, सामुदायिक सहजकर्ता र विद्यालय सहयोगीको थप तलब तथा शिक्षण स्वयंसेवक लगायतको तलब र अन्य सुविधा वापतको रकम समेत समावेश गरिएको छ ।

**ख. गौरवका आयोजना, समपूरक आयोजना तथा अनिवार्य दायित्व तर्फः**

आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि गौरवका आयोजना, समपूरक आयोजना तथा कार्यक्रम र अनिवार्य दायित्वतर्फ देहायानुसारका आयोजना तथा कार्यक्रममा देहायानुसार बजेट विनियोजन गरेको छु-

| क्र.सं. | आयोजना तथा कार्यक्रमको विवरण | बजेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | १५ शैयाको आधारभूत अस्पतालको बाँकी भुक्तानी, सञ्चालन तथा व्यवस्थापन | २ करोड | |
| २ | भूमि प्रशासन सेवा सञ्चालन तथा पूर्वाधार निर्माण | १ करोड | |
| ३ | त्रिवेणी ह्याङ करेटी सडक स्तरोन्नती तथा कालोपत्रे म्याचिङ | ४५ लाख ५० हजार | |
| ४ | जगरबोट हाञ्जबाङ झिनुवा सडक कालोपत्रे म्याचिङ तथा धारखोला जगरबोट सडक कालो पत्रे | १ करोड | |
| ५ | त्रिवेणी ह्याङ करेटी सडक स्तरोन्नती तथा कालोपत्रे म्याचिङ | ९ लाख ६० हजार | |
| ६ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम म्याचिङ | १४ लाख २० हजार | |

| | | | |
|---|---|---|---|
| ७ | रोजगारी सिर्जना, सशक्तिकरण, सीपमूलक तालिम तथा क्षमता अभिवृद्धि म्याचिङ | १० लाख ४७ हजार | |
| ८ | अन्य आयोजना तथा कार्यक्रम म्याचिङ | २५ लाख | |
| ९ | मर्मत सम्भार कोष | १२ लाख | |
| १० | विपद् व्यवस्थापन कोष | १० लाख | |
| ११ | विपन्न नागरिक आर्थिक सहायता कोष | ८ लाख | |
| १२ | बालबालिका कोष | ७ लाख | |
| १३ | लैङ्गिक हिंसा निवारण कोष | ३ लाख | |
| १४ | गुरुयोजना अनुसारको विद्यालय पूर्वाधार निर्माण म्याचिङ | ५ लाख | |

**ग. क्षेत्रगत विकास तर्फः**

त्यसैगरी विषयगत क्षेत्रगत आयोजना तथा कार्यक्रमको लागि जम्मा रु. ३ करोड ५२ लाख २३ हजार बजेट विनियोजन गरेको छु। जसको विस्तृत विवरण तपसिल अनुसार रहेको छ-

| **क.सं.** | **विषयगत क्षेत्र** | **विनियोजित बजेट (रु.)** | **कैफियत** |
|---|---|---|---|
| १ | आर्थिक विकास | ७० लाख २३ हजार | |
| २ | सामाजिक विकास | १ करोड ३० लाख | |
| ३ | पूर्वाधार विकास | १ करोड ३० लाख | |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | १० लाख | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | १२ लाख | |

## १. आर्थिक विकास तर्फः

गाउँपालिकाको समग्र आर्थिक विकासको लागि कृषि सामग्री अनुदान, कृषक तालिम, औषधी खरिद, पकेट जोन विस्तार लगायतका कार्य गर्न कृषि विकास तर्फ एकमुष्ठ रु. २३ लाख र पशु सेवा तर्फ रु. ३० लाख विनियोजन गरेको छु जसबाट कृषि उत्पादनको बढोत्तरी हुनुको साथै गाउँपालिकालाई तरकारी, खाद्यान्न, मासु र दुग्ध उत्पादनमा आत्मनिर्भर हुन सघाउ पुग्ने अपेक्षा गरेको छु । त्यसैगरी उघु उद्यम कार्यक्रम (मेड्पा) तर्फ रु. ३ लाख र उद्यमशीलता विकास (टेवा) कार्यक्रमतर्फ ग्रामीण विकास सहजकर्ताहरुको पारिश्रमिकको लागि एकमुष्ट रु. १० लाख, उद्योग तथा वाणिज्य तर्फ रु. १ लाख, पर्यटन प्रवर्द्धन तर्फ रु. १ लाख २३ हजार र सहकारी तर्फ रु. २ लाख विनियोजन गरेको छु । यसले स्थानीय स्तरमा स्रोत साधनको प्रवर्द्धन, रोजगारी सिर्जना हुनुका साथै स्थानीय आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा लिएको छु ।

## २. सामाजिक विकास तर्फः

गाउँपालिकाको आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन, शैक्षिक तालिम, युवा तथा खेलकुद क्षेत्रको प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्न रु. ४० लाख विनियोजन गरेको छु । स्वास्थ्य तथा बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ रु. ५० लाख, खानेपानी तथा सरसफाई तर्फ रु. २० लाख, महिला, बालबालिका तथा समाज कल्याणतर्फ लक्षित वर्गको उत्थानशील कार्यक्रम सञ्चालनका लागि रु. १५ लाख विनियोजन गरेको छु । सुरक्षित आप्रवासन (सामी) परियोजनामार्फत वित्तीय साक्षरता, सुरक्षित वैदेशिक रोजगारी, परामर्श लगायतका कार्यक्रमहरु सञ्चालन गर्न रु. ५ लाख विनियोजन गरेको छु ।

## ३. पूर्वाधार विकास तर्फः

प्रत्येक स्थानीय तहको समग्र विकासको मेरुदण्ड भनेको पूर्वाधार विकास नै हो । पूर्वाधारको विकास नभई गाउँपालिकाको विकास हुँदैन भन्ने मान्यता अनुरुप पूर्वाधारको विकासको लागि बढी जोड दिइएको छ । महत्वपूर्ण सडक, कृषि सडक र पूर्वाधार मर्मत तर्फ रु. ८० लाख, अन्य भवन तथा आवास तर्फ रु. १० लाख र विद्युत तथा वैकल्पिक उर्जा तर्फ रु. ८ लाख विनियोजन गरेको

छु । त्यसैगरी सिंचाई तर्फ रु. ३२ लाख बजेट विनियोजन गरेको छु जसबाट खेतियोग्य जमिनमा सिंचाई सुविधा विस्तार भई कृषि उत्पादनमा वृद्धि हुनेछ ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन तर्फः

बढ्दो वन अतिक्रमण, मानवीय तथा प्राकृतिक प्रकोपले हुने भू-क्षयलाई रोकी वन तथा भू-संरक्षण गर्नको लागि रु. १ लाख, जलाधार संरक्षण तथा रिचार्ज पोखरी निर्माण गर्नको लागि रु. २ लाख, वातावरण संरक्षण तथा जलवायु परिवर्तन न्यूनीकरण गर्न रु. १ लाख, फोहोरमैला तथा ढल व्यवस्थापन गर्न रु. २ लाख र जल उत्पन्न प्रकोप नियन्त्रण गर्न रु. १ लाख बजेट विनियोजन गरेको छु । जसबाट विपद् न्यूनीकरण गर्न मद्दत पुग्ने विश्वास लिएको छु ।

## ५. सुशासन तथा संस्थागत क्षमता विकास तर्फः

गाउँपालिकाको कानून निर्माण तथा सुशासन प्रवर्द्धनको लागि रु. १ लाख तथा न्यायिक समितिको क्षमता अभिवृद्धि गरी न्याय सम्पादनलाई प्रभावकारी बनाउन रु. ३ लाख विनियोजन गरेको छु । सूचना प्रविधि र सार्वजनिक सेवामा जनताको पहुँच अभिवृद्धि गर्न रु. १ लाख विनियोजन गरेको छु । गाउँ कार्यपालिका तथा गाउँ सभाका पदाधिकारीहरु लगायतको सहभागितामा उत्कृष्ट स्थानीय तह अवलोकन भ्रमण तथा सिकाई आदानप्रदान गर्नको लागि रु. ५ लाख विनियोजन गरेको छु । साथै प्रशासनिक खर्च तर्फ विनियोजित बजेटबाट समेत सुशासन तथा संस्थागत क्षमता विकास तर्फ आवश्यक कार्य गरी सेवा प्रवाह तथा सुशासनलाई प्रवर्द्धन गर्ने व्यवस्था गरेको छु ।

## घ. वडास्तरीय योजना तथा कार्यक्रम तर्फः

सहभागितामूलक योजना तर्जुमा कार्यलाई प्रभावकारी बनाउन तथा विभिन्न टोलबस्तीबाट प्राप्त मागमा आधारित योजनाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि वडास्तरीय आयोजना तथा कार्यक्रमतर्फ एकमुष्ठ रु. ३ करोड ५९ लाख विनियोजन गरेको छु ।

वडागत बजेट सिलिङको विवरण देहायानुसार रहेको छ-

| क.स. | वडाको विवरण | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ | ४३५९००० | |
| २ | वडा नं. २ | ६६५३००० | |
| ३ | वडा नं. ३ | ३९२३००० | |
| ४ | वडा नं. ४ | ५१६५००० | |
| ५ | वडा नं. ५ | ४५४१००० | |
| ६ | वडा नं. ६ | ४४७०००० | |
| ७ | वडा नं. ७ | ६७८९००० | |

**ङ. अन्य निकाय तथा गैरसरकारी संस्था तर्फः**

इसिमोडको आर्थिक सहयोगमा विकास सरोकार समाज (डिकोष) द्वारा यस गाउँपालिकामा सञ्चालित प्रोयाक्ट परियोजनाको लागि प्राप्त हुने रु. २ करोड बजेट र सङ्घीय सरकार, प्रदेश सरकार, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष तथा यस गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन हुने उच्च मुल्य कृषि वस्तु उत्थानशील कार्यक्रमको लागि प्राप्त हुने रु. ५० लाख बजेटबाट तोकिएका कार्यक्रमहरु प्रचलित कानून बमोजिम गाउँपालिकाको समन्वयमा सञ्चालन हुने जानकारी गराउँदछु ।

यसरी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को जम्मा खर्च रु. ५२ करोड ४४ लाख ३४ हजार हुने प्रक्षेपण गरेको छु । प्रस्तुत बजेटमा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बैङ्क मौज्दात र अन्य निकाय तथा गैरसरकारी संस्थातर्फको रकम समावेश नभएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउँदछु । उक्त बैङ्क मौज्दात रकमलाई गाउँपालिकाको भुक्तानी तथा खाता बन्द भएपश्चात दायित्व समेत एकिन गरी गाउँ सभाको यसै २० औं अधिवेशनको अन्तिम बैठकबाट बजेट कार्यक्रममा समावेश गरिने प्रतिवद्धता व्यक्त गर्दछु ।

**गाउँ सभाका अध्यक्षज्यू,**

**गाउँ सभाका सदस्यज्यूहरु,**

माथि विनियोजित बजेट अन्तर्गत टोलबस्ती, वडा तथा विषयगत समितिबाट परिष्कृत तथा एकीकृत हुँदै प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरुलाई यहाँहरुको रचनात्मक सुझावहरु समेत लिई प्रचलित कानून तथा कार्यपालिकाको बैठकबाट आवश्यक निर्णय समेत गरी पारदर्शी र समन्यायिक ढङ्गले सबै वडाका टोलबस्तीमा प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नेछु । प्रस्तावित कार्यक्रमहरुले गाउँपालिकाको कार्यालय र निकायहरुबाट प्रवाह हुने सेवामा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याई जनतालाई स्थानीय सरकारको सुखानुभूति दिन सहयोग पुऱ्याउने र समृद्धिको दीर्घकालिन लक्ष्य हाँसिल गर्न कोषेढुङ्गा सावित हुने विश्वास समेत लिएको छु ।

अन्त्यमा, यस कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा रचनात्मक सल्लाह सुझाव प्रदान गरी महत्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण विषयगत समितिका पदाधिकारीहरु, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका पदाधिकारीहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरु, कार्यपालिका तथा सभाका सदस्यहरु, विषयगत शाखा तथा इकाईका कर्मचारीहरु, बौद्धिक वर्ग तथा सम्पूर्ण त्रिवेणीबासीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै अपनत्व सहित यसको पूर्ण कार्यान्वयनमा समेत रचनात्मक सहयोगको अपेक्षा राखेको छु । साथै बजेट तथा कार्यक्रमको विस्तृत विवरण यथाशीघ्र बजेट पुस्तिका प्रकाशन गरी सार्वजनिक गरिने व्यहोरा समेत अनुरोध गर्दछु ।

**धन्यवाद !**